# नागदहका माछा



गङ्गादेवी कसजू

# नागदहका माछा



गङ्गादेवी कसजू



## गङ्गादेवी कसजू

गङ्गादेवी कसजू (जन्म इ.सं. १९४८) ले बालचित्रकथा, बालकथा आदि गरी बालसाहित्यका ११ वटा पुस्तक लेखिसक्नु भएको छ। उहाँ पूर्व शिक्षिका तथा मानव अधिकारकर्मी हुनुहुन्छ। उहाँ नवजीवन आमा समूह, नेपाल बालसाहित्य समाज, बालवाङ्मय तथा अनसन्धान केन्द्रमा संलग्न हुनुहुन्छ। बालबालिकामा असल बानी व्यहोरा विकास गर्ने र बालमैत्री समाज निर्माण गर्ने ध्येयमा उहाँ लागिरहनु भएको छ।


**नागदहका माछा**

वातावरणीय बालकथा सङ्ग्रह

कथाकार : गङ्गादेवी कसजू

चित्रकार : पल्पसा मानन्धर, अर्पिता शाक्य

सम्पादन : विनय कुमार कसजू

भाषा सम्पादन : प्रमोद प्रधान

कला संयोजन : एकाराम सिंह

प्रकाशक : बालवाङ्मय तथा अनुसन्धान केन्द्र, काठमाडौँ

सहयोगी निकाय : जल तथा मौसम विज्ञान विभाग/नेपाल सरकार, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) तथा विश्वव्यापी वातावरणीय सहुलियत

प्रकाशन मिति : २०७५ (सन् २०१८)

डिजाइन : वर्ल्डवाइड प्रिन्ट् सोलुसन, ०१-५५५०२८९, wpsnepal@gmail.com

मुद्रण : स्पर्श प्रिन्टर्स, ललितपुर, ०१-५१५१६४४

# भूमिका

वातावरण विनाशले पृथ्वी र यहाँ बस्ने जीवजन्तुलाई धेरै प्रकारले प्रभाव पार्दै छ । विभिन्न ठाउँको जलवायुमा परिवर्तन आएको छ । जाडो ठाउँमा गर्मी बढेको छ । पानी नपर्ने ठाउँमा पानी पर्न थालेको छ । हिमालमा हिउँ र हिमनदी पग्लेर एकातिर बाढी आउने र अर्कोतिर नदीनाला सुक्ने खतरा बढेको छ । जीवजन्तु र बनस्पतिको सन्तुलन बिग्रँदै छ । वन्य पशुपंछीको वासस्थान उजाडिँदै छ । जीव जनावर मानव तथा बोट बिरुवामा विभिन्न प्रकारका रोगका कीटाणुको संक्रमण बढ्दो छ । मानव जातिको अस्तित्वमाथि नै खतरा आउने सम्भावना बढ्दै छ । यसैले वातावरणमा जलवायु पवितृनको असर विश्वकै चासोको विषय बनेको छ ।

वातावरण संरक्षणको महत्व नबुझ्नाले वा यसबारे हेलचेक्र्याइँ गर्नाले मानिसले वातावरण बिग्रने, बिगार्ने काम आफै गर्दै छ । बन जङ्गल विनाश हुँदै छ । बाढी, पहिरो, भूक्षय र मरुभूमीकरण तीव्र रूपमा भइरहेको छ । धुलो, धुवाँ र विभिन्न प्रकारका ग्यासबाट वायुमण्डल दूषित हुँदै छ । प्लास्टिक तथा विभिन्न प्रकारका विषाक्त पदार्थले खोलानाला र जमिनभित्रको पानी समेत प्रदूषित हुँदै छ । चाँडै पैसा कमाउन लोभमा फसेर कृषि उत्पादन र औद्योगिक उत्पादनमा रासायनिक तथा विषालु पदार्थको मिसावट बढिरहेको छ । वातावरण कसरी जोगाउने भन्ने बेलामै बुझेनौँ र यसको लागि प्रयास थालेनौँ भने मानिसले पछुताउनु पर्ने छ । यसैले वातावरण शिक्षा सबैका लागि महत्वपूर्ण भएको छ ।

वातावरण शिक्षाले हामीलाई हाम्रो वरिपरिको संसारसँग जोड्छ र हामीलाई प्राकृतिक तथा मानिसले बनाएको वातावरणका बारेमा सिकाउँछ । यसले हामीसँग सरोकार राख्ने, हामी निर्भर रहेको तथा हामीलाई धेरै प्रभाव पार्ने वातावरणीय विषयका बारेमा हामीलाई सचेत बनाउँछ । अनि वातावरण जोगाउने र सपार्ने उपायहरूका बारेमा सिकाउँछ ।

वातावरण शिक्षाको व्यक्तिगत फाइदा पनि छ । यसले विद्यार्थीहरूलाई आलोचनात्मक तथा विश्लेषणात्मक दृष्टिले सोच्न र कुनै काम वा कुरा किन हुन्छ भन्ने खोज, अनुसन्धान गर्न प्रेरित गर्छ र वातावरणका अप्ठ्यारा समस्याहरूमा पनि आफै निर्णय गर्न सघाउँछ । उनीहरूलाई सिर्जनशील बनाउँछ । वातावरण शिक्षाले बालबालिकालाई प्रकृतिको नजिकै लैजान्छ र प्रकृतिलाई बुझ्न र प्रकृतिसँग मिलेर काम गर्न प्रेरित गर्छ । वातावरण शिक्षाले बालबालिकालाई स्वस्थकर जीवनशैली अपनाउन सघाउँछ । खाने बानीमा सुधार गर्न, सन्तुलित आहारप्रति सचेत हुन र जीवन बाँच्ने स्वस्थ तरिका सिकाउँछ ।

वातावरण शिक्षा हामीले कक्षा कोठाभित्र, पुस्तक पत्रिकामा वा प्रकृतिको खुला किताबबाट पनि पाउन सक्छौँ। यसबाट विद्यार्थी, समाज, देश र विश्वलाई नै फाइदा हुन सक्छ। वातावरण संरक्षणको सक्रिय कार्यकर्ता वा अगुवा (हिरो) हुनु भनेको यो विश्वको लागि कति ठूलो योगदान हो भन्ने कुरा बालबालिकाले सानैदेखि बुझे भने वातावरण संरक्षणका क्षेत्रमा देश र समाजका लागि मात्रै हैन विश्वकै लागि ठूलो योगदान हुने छ। यसैले बालबालिकालाई वातावरण शिक्षाको विशेष महत्व छ।

वातावरण शिक्षाका लागि ज्ञान विज्ञानका पुस्तकका तुलनामा कथाका माध्यम बढी प्रभावकारी हुन्छ। नेपालमा बालबालिकालाई वातावरण शिक्षा दिने पुस्तकहरू ज्ञान विज्ञान वा जानकारी मूलक पुस्तकका रूपमा पाइन्छन्, तर कथा वा आख्यानको माध्यमबाट वातावरण शिक्षा दिने पुस्तकहरू साह्रै थोरै छन्। वातावरणीय बालकथाको अभाव पूरा गर्दै कथाको माध्यमबाट रमाइलो तरिकाले वातावरण तथा जलवायु परिवर्तनका विभिन्न समस्या, असर र समाधानका उपायका बारेमा पुस्तक तयार पार्ने प्रयासको फलस्वरूप यो पुस्तक तयार पारिएको हो।

यसमा अनन्त वाग्लेको 'लिटिल डायनो', गङ्गादेवी कसजूको 'नागदहका माछा', प्रमोद प्रधानको 'खैरो बकुल्ला', मन्जु ज्ञवालीको 'इम्जाको झस्को' र विजयराज आचार्यको 'रङ्गीन विष' शीर्षक पाँच पुस्तक तयार पारिएका छन्। प्रत्येक पुस्तकमा पाँचपाँच वटा कथा छन्। सबै कथाहरू मुख्य रूपमा माध्यिमक तहका विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको छ।

यी पुस्तक नेपाल सरकार, संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी), अतिकम विकसित राष्ट्रहरूको लागि कोष/विश्वव्यापी वातावरणीय सहुलियत (जिईएफ) – समुदायमा आधारित बाढी तथा हिमताल विस्फोटन जोखिम न्यूनीकरण आयोजनाको संयुक्त प्रयासमा तयार पारिएको हो। वातावरणीय विषयमा कथा लेखन कार्यशाला संचालनदेखि पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनको जिम्मा दिएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र सबै सम्बन्धित निकायहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छ। साथै प्रशिक्षक तथा सम्पादक विनयकुमार कसजू, भाषा सम्पादक प्रमोद प्रधान, चित्र संयोजक कलाकार एकाराम सिंह, चित्रकारहरू युवक श्रेष्ठ, रवीन्द्र मानन्धर, पल्पसा मान्धर र अर्पिता शाक्य तथा पाँचै जना लेखकहरूलाई धेरै धन्यवाद।

**बालवाङ्मय तथा अनुसन्धान केन्द्र**

# प्राक्कथन

समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजना नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तरगतको जल तथा मौसम विज्ञान विभाग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) तथा अतिकम विकसित राष्ट्रहरूको लागि कोष (एलडीसीएफ)/विश्व वातावरणीय सहुलियत (जीईएफ) को संयुक्त तत्वावधानमा सञ्चालित आयोजना हो । यस आयोजनाले नेपालको सबैभन्दा नाजुक अवस्थामा रहेको खम्बु क्षेत्रको इम्जा हिमताल विस्फोटनको आसन्न त्रासलाई न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । साथै यसले नेपालको तराईका सबैभन्दा अतिसंवेदनशील चार जिल्लाहरूमा बारम्बार आइरहने बाढीको खतरा सामना गर्न समुदायको क्षमता अभिवृद्धि काममा सहयोग गरेको छ ।

कार्यान्वयनको समयमा आयोजनाले समुदायसँग मिलेर प्रकोपजन्य जोखिमका प्रभावहरू, जोखिमबाट बच्न गरिने पूर्व तयारी तथा जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने जस्ता विषयमा व्यापक अनुभव र ज्ञान संगालेको छ । आयोजनाले यस्ता केही मुख्य सिकाइहरूको राम्ररी अभिलेखन गरी सरोकारवालाहरूलाई त्यसको बारेमा सुसूचित गरेको छ ।

यसै सन्दर्भमा जलवायु परिवर्तन तथा वातावरणको हाम्रो जीवनमा पर्ने प्रभाव तथा त्यसलाई न्यूनीकरण गर्ने उपायहरूका बारेमा माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई बुझाउन सघाउने केही शैक्षिक सामग्री तयार पार्ने लक्ष्य रहेको थियो ।

तदनुरूप आयोजनाले हाल माध्यमिक तहका विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूका लागि सरल रूपमा वातावरणका विविध पक्ष र जलवायु परिवर्तनका असरहरूका बारेमा शिक्षित गर्ने उद्देश्यले विभिन्न पाँच भागमा कथाहरूको संग्रह प्रकाशित गरेको छ ।

यी कथाहरूले बालबालिकाहरूलाई जीव, जलवायु र वातावरणको अन्तर सम्बन्धको बारेमा सोच्न प्रोत्साहित गर्ने छ र भविष्यको लागि वातावरण जोगाउन प्रेरणा दिने छ भन्ने हाम्रो विश्वास छ ।

यी कथाहरू तयार पार्न तथा पुस्तकहरू छाप्न र वितरण गर्न अथक सहयोग पुऱ्याएकोमा बालवाङ्मय तथा अनुसन्धान केन्द्र (सीएलआरसी) लाई हामी सहृदय धन्यवाद दिन्छौँ ।

डा. ऋषिराम शर्मा
महानिर्देशक
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

विजय प्रसाद सिंह
सहायक राष्ट्रिय निर्देशक
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
(यु.एन.डी.पी.), नेपाल

# विषय सूची


| | |
|---|---|
| भ्यागुताले बिस्कुट खान्छ ? | १ |
| तातो घर | ७ |
| नागदहका माछा | ११ |
| पशुपंछीहरू फर्केर आए | १८ |
| होली खेल्दा | २२ |
| परिशिष्ट | |
| १. पृथ्वीका संसाधन र तिनको संरक्षण | २६ |
| २. पारिभाषिक शब्दावली | २९ |



# भ्यागुताले बिस्कुट खान्छ ?

अनिसले जसरी भए पनि एउटा भ्यागुता घर लैजाने निधो गरेको थियो । बहिनी रूपालाई लिएर ऊ नजिकैको पोखरीमा गयो ।

पोखरीको किनारमा पेटीमाथि धेरै भ्यागुता घाम तापेर बसेका थिए । उनीहरूलाई देख्ने बित्तिकै भ्यागुताहरू उफ्रेर पानीमा पसे । केही भ्यागुता पोखरीको माझको ढुङ्गामाथि गएर बसे ।

अनिसले खल्तीबाट बिस्कुट झिक्यो । भ्यागुतालाई उसले बिस्कुट देखायो । अनि एउटा बिस्कुट पानीमा फाल्दै भन्यो, "हेर कति मिठो बिस्कुट । खाऊ ?"

भ्यागुताहरू डराएर पानीभित्र पसे ।

"दाइ, भ्यागुताले त्यत्रो ठूलो बिस्कुट कसरी खान्छ ? टुक्रा पारेर देऊ न," रूपाले भनी ।

अनिसले खल्तीबाट अर्को बिस्कुट निकाल्यो र टुक्रा पारेर पानीमा छरिदियो ।

पानीमा खानेकुरा देखेर साना माछाहरू आए र बिस्कुटका टुक्रा खान थाले । अनिसले भ्यागुता पनि खान आउँछ कि भनेर हेरिरह्यो । तर एउटा पनि भ्यागुता आएन ।

त्यही बेला उसलाई खोज्दै उसकी दिदी सुम्निमा त्यहाँ आइपुगी । उसले भनी, "यहाँ किन आएको अनिस ? आमाले खोजिराख्नु भएको छ । तिमीलाई पोखरीमा नजाऊ भनेको हैन । झन् बहिनीलाई पनि ल्याएछौ । अस्ति शर्मिलाको भाइ पोखरीमा खसेर झन्डै नडुबेको । तिमीलाई थाहा छैन । घर जाउँ ।"

दिदीको कुरामा अनिसले ध्यान दिएन । उसले भन्यो, "हेर्नुस् न दिदी । मैले भ्यागुतालाई बिस्कुट दिएको खाँदै खाएन ।"

"किन दिएको बिस्कुट ? भ्यागुताले पनि बिस्कुट खान्छ त ? कस्तो लाटो रहेछ !" दिदीले हाँस्दै भनी ।

"माछाले त खायो नि बिस्कुट । भ्यागुताले किन नखाएको होला ? बिस्कुट नखाए भ्यागुताले के खान्छ त दिदी ?" अनिसले सोध्यो ।

"मलाई के थाहा ? यो कुरा त स्कुलमा मिससँग सोध्नु पर्छ," सुम्निमाले भनी ।

"मैले ल्याएको बिस्कुट काम लागेन," भन्दै अनिसले बाँकी बिस्कुट दिदी र बहिनीलाई दियो । आफूले पनि खायो र बिस्कुट राखेको प्लास्टिकको खोल पोखरीमा फाल्यो ।



भाइले बिस्कुटको खोल पानीमा फालेको देखेर दिदीले भनिन्, “भाइ, प्लास्टिक किन पानीमा फालेको ? स्कुलमा मिसले भन्नुभएको कुरा बिर्स्यौ ? पानीमा प्लास्टिक फाल्यो भने पानी फोहोर हुन्छ । माछाले खायो भने माछा पनि मर्छ ।”

दिदीको कुरा सुनेपछि अनिसले देवी मिसलाई सम्झ्यो । ऊ कक्षा चारमा पढ्थ्यो । देवी मिसले कक्षामा वातावरण कसरी सफा राख्ने भन्ने कुरा सिकाउनु भएको थियो । उहाँले कक्षाकोठा सफा राख्न विद्यार्थीहरूलाई कागतको बक्सालाई धुलो, फोहोर राख्ने डस्टबिन बनाउन सिकाउनु भएको थियो ।

सुम्निमा र अनिस कुरा गर्दैथिए । रूपाको ध्यान भने भ्यागुतातिरै थियो । भ्यागुताहरू पानीबाट निस्केर पोखरीको पेटीमा बसेका थिए । तिनीहरूले पोखरीको नजिक आउने झिँगाहरू खाँदै थिए । रूपाले झुक्याएर एउटा सानो भ्यागुतालाई च्याप्प समाती ।

“दाइ, हेर भ्यागुता !” उसले भ्यागुताको खुट्टा समातेर हातमा झुन्ड्याउँदै देखाई ।

अनिस खुसी भयो । उसले भन्यो, “आहा, कस्तो मज्जा । यो भ्यागुतालाई घर लैजाउँ । लौ यो सिसीभित्र राख त ।”

अनिसले भ्यागुता राख्न खाली सिसी ल्याएको थियो । रूपाले भ्यागुतालाई सिसीभित्र राखी ।

“छिः त्यस्तो भ्यागुतालाई पनि किन घर लैजाने ? आमाले के भन्नु होला, छाडिदेऊ,” सुम्निमाले भनी ।

“अस्ति नै आमाले भ्यागुताको पूजा गऱ्यो भने पानी पर्छ, खेतीपाती राम्रो हुन्छ भन्नु हुन्थ्यो । आमा रिसाउनुहुन्न,” अनिसले खुसी हुँदै भन्यो । “यो भ्यागुताले के खाने रैछ हेर्छु नि ।”

अनिस स्कुल जाँदा भ्यागुतालाई पनि लिएर गयो । उसले साथीहरूलाई भ्यागुता देखाउँदै सोध्यो, “भ्यागुताले के खान्छ तिमीहरूलाई थाहा छ ?”

उसका साथीहरूलाई भ्यागुताले के खान्छ थाहा थिएन । एक जना साथीले अड्कल गर्दै भन्यो, “त्यसले पनि भात खान्छ होला ।”

अर्कोले भन्यो, “यसलाई बिस्कुट र चाउचाउ दिएर हेरौँ न, खान्छ कि ?”

त्यही बेला देवी मिस कक्षा कोठामा पस्नु भयो । विद्यार्थीहरू अनिसको वरिपरि झुम्मिएको देखेर मिसले सोध्नुभयो, “के भयो अनिस ? केको हल्ला हो ?”

“अनिसले भ्यागुता ल्याएको छ मिस !” सुधाले भनी ।

अनिसले भ्यागुता भएको सिसी मिसलाई देखाउँदै भन्यो, “पोखरीमा समातेको मिस । यसलाई बिस्कुट खान दिएको खाएन । यसले के खान्छ मिस ?”

अनिसको कुरा सुनेर मिस हाँस्नुभयो र भन्नुभयो, “भ्यागुताले पनि बिस्कुट खान्छ र ? सिसीमा बन्द गरेर राख्यो भने त ऊ मर्छ । सिसीको बिर्को खोलिहाल ।”

अनिसले हत्तपत्त सिसीको बर्को खोल्यो । भ्यागुता आँखा बन्द गरेर लल्याकलुलुक परेर बसेको थियो ।

‘साँच्चै मऱ्यो कि क्या हो ?’ अनिसले मनमनै भन्यो । सिसीलाई ढल्काएर भ्यागुतालाई बेञ्चमाथि राख्यो । भ्यागुताले आँखा खोल्यो । अनिसले लामो सास फेर्दै भन्यो, “धन्य मरेको रैनछ ।”

“बिर्को बन्द गऱ्यो भने किन मर्छ मिस ?” दीपाले सोधी ।

“लौ, त्यति पनि थाहा छैन ? भ्यागुता मात्रै हैन जुनसुकै जीवजन्तुलाई सिसा वा प्लास्टिकभित्र बन्द गरेर राख्यो भने त्यसले अक्सिजन पाउँदैन अनि मर्छ,” मिसले भन्नुभयो ।



"हामीलाई पनि अक्सिजन चाहिन्छ मिस ?" अनिसले सोध्यो । "हामीले दिनदिनै दालभात, तरकारी, फलफूल, पानी खान्छौँ तर अक्सिजन खाएको त थाहा छैन । भ्यागुतालाई कसले अक्सिजन दिन्छ मिस ? यसले बिस्कुट नखाएर अक्सिजन खान रुचाउँछ ?"

अनिसको कुरा सुनेर सबै जना हाँसे । उनीहरूले उत्सुकतापूर्वक देवी मिसलाई हेरे ।

विद्यार्थीहरूको जिज्ञासा बुझेपछि मिसले भन्नुभयो, "कुनै पनि जीवजन्तु वा रुख बिरुवालाई कसैले अक्सिजन दिइराख्नु पर्दैन । अक्सिजन हावामा हुन्छ र सास फेर्दा आफै शरीरभित्र जान्छ । हाम्रो वरिपरि हावा छ भन्ने त तिमीहरूलाई थाहै छ, हैन ? अनि हावा, पानी, जमिन सबै मिलेर वातावरण बन्छ । पृथ्वीमा भएका सबै जीवजन्तु, रुख बिरुवा, मानिस सबै वातावरणका हिस्सा हुन् ।"

"वातावरण भनेको के हो मिस ?" धेरै विद्यार्थीले एकैचोटि सोधे ।

"वातावरण भन्नाले हावा, पानी र जमिन र यसमा पाइने सबै वस्तु र जीवजन्तु हो," मिसले भन्नुभयो । "हाम्रो वरिपरि देखिने सबै कुरा वातावरणभित्र पर्छ । जस्तै रुख, बिरुवा, फूल, फल, जनावर, चरा, कीरा, माछा, भ्यागुता र मानिसहरू ।"

"हाम्रो घर, हाम्रा आमाबा, हजुरबा, हजुरआमा, साथी, छिमेकीहरू पनि वातावरणमा पर्छ त मिस ?" अनिसको प्रश्न सुनेर उसका साथीहरू फेरि हाँसे ।

मिसले भन्नुभयो, "हो, तिमीले ठिक भन्यौ । हाम्रो स्कुल, शिक्षक, विद्यार्थी सबै वातावरणका अङ्ग हुन् । वातावरणभित्र हामीले देख्ने सबै कुरा पर्छन् ।"

"बिराला र कुकुर पनि वातावरणका हिस्सा हुन् त मिस ? अनि गाई, भैँसी, बाख्रा, भेँडा, कुखुरा, हाँस, चराहरू सबै ?"

"हो, सबै प्राणी भनेपछि खोला र पोखरी, पानीमा बस्ने माछा, गँगटा, कीरा, रुखमा बस्ने चरा, चराका गुँड, मौरी, मौरीको घार, फूलको रस खाने पुतली, हरियो घाँस, जमिनमुनि बस्ने गँड्यौला र कीराहरू सबै वातावरणभित्र पर्छन् ।"

"आकाश, बादल, कुइरो, वर्षा, पहिरो, खेतबारी पनि ?"

"हो, वातावरणमा सबै कुरा समेटिन्छ । वातावरण भएन भने हामी कोही पनि बाँच्न सक्तैनौँ," मिसले भन्नुभयो ।

"वातावरणले हामीलाई के दिन्छ र मिस ? हामी वातावरण भएन भने किन बाँच्न सक्तैनौ ?" अनिसको साथी जीवनले कपाल कन्याउँदै सोध्यो ।

मिसले हाँस्दै भन्नुभयो, "वातावरणमा हावा छ, हावामा अक्सिजन छ र हामी सबै बाँचेका छौँ । हामीलाई चाहिने सबै कुरा वातावरणले दिन्छ । हाम्रो जिउमा सत्तरी

प्रतिशतभन्दा धेरै पानी छ । हामीलाई खान, नुहाउन, लुगा धुन, पौडी खेल्न, रुख बिरुवा हुर्काउन, फलफूल फलाउन, अन्न उब्जाउन चाहिने पानी वातावरणले नै दिन्छ ।"

"वातावरण भएन भने आँप, केरा, नास्पाती, स्याउ, सुन्तलाजस्ता मिठा फल पनि त खान पाइन्न हैन त मिस ?" दीपाले सोधी ।

"तिमीले ठिक भन्यौ । वातावरण के हो र यसको के महत्व छ भन्ने तिमीहरूले बुझ्यौ हैन त ?" मिसले भन्नुभयो । "वातावरण सबैको साझा सम्पत्ति हो । यसको रक्षा गर्नु, दूषित अर्थात् फोहोर हुन र बिग्रन दिनु हुँदैन । यसलाई स्वस्थ र सफा राख्नु हामी सबैको कर्तव्य हो ।"

विद्यार्थीहरू देवी मिससँग प्रश्न सोधिरहेका थिए । त्यही बीचमा भ्यागुता उफ्रेर कक्षा कोठा बाहिर गएको अनिसले चालै पाएन ।

कक्षा सकिएपछि अनिस अचानक चिच्यायो, "भ्यागुता खै ? कहाँ गयो ?"

अनिस र उसका साथीहरू भ्यागुतालाई खोज्न थाले ।

"अनिस, तिम्रो भ्यागुता त यहाँ रै'छ । हेर त त्यसले कसरी कीरा खाइरहेको !"

बाहिर भ्यागुता खोज्न गएको जीवनको स्वर सुनेर अनिस र अरू विद्यार्थीहरू बाहिर निस्के ।

कक्षा कोठा बाहिर आँगनमा एउटा खाल्टोमा पानी जमेको थियो । त्यहाँ लामखुट्टेका बच्चा, लार्भाहरू पानीमा खेलिरहेका थिए । भ्यागुताले ती लार्भाहरूलाई खाइरहेको थियो ।

"भ्यागुताले कीरा खान्छ यसैले भ्यागुता किसानको साथी हो भनेको कुरा साँच्चै हो रहेछ," दीपाले भनिन् ।

"त्यसैले त किसानहरूले भ्यागुताको पूजा गर्छन् भन्नुभएको रहेछ," अनिसले भन्यो । "अब म यो भ्यागुतालाई उसकै पोखरीमा लगेर छाडिदिन्छु । उसका आमा र भाइ बहिनीले पर्खेका होलान् ।"

भ्यागुतालाई समात्न अनिस र जीवन पानीमा पसे । तर भ्यागुता पानीभित्र लुक्यो ।

# तातो घर

साँझ पर्‍यो । भात खाने बेला भयो । तर देवी घरमा थिइनन् ।

'कहाँ गइ होली देवी ?' भन्दै आमाले उनलाई घरभित्र खोजिन् ।

घरमा फेला नपरेपछि आमा लाल्टिन लिएर गोठमा गइन् । गोठमा पुगेर आमाले ठूलो स्वरले देवीलाई बोलाउन थालिन् । तर देवी फेला परिनन् ।

आमा फर्केर घरमा आइन् र शिवको कोठामा गइन् ।

"दिदीलाई देखेनौ शिव ? यति बेला कहाँ गएकी होली ? गोठमा पनि छैन," आमाले शिवसँग सोधिन् ।



शिवले रहस्यमय तरिकाले हाँस्दै भने, “दिदी कहाँ छिन् भन्ने मलाई थाहा छ आमा । तर मैले भन्यो भनेर नभन्नुहोला है । नत्र मलाई मार्छिन् ।”

“खै कहाँ छे त्यो ? यति बेलासम्म पनि घरमा नआउने ? कहाँ छे भन त ।”

“दिदी त टनेलभित्र छिन्,” शिवले रहस्य खोले ।

“के रे ? टनेलभित्र ?” आमाले अचम्म मान्दै सोधिन् । “के गर्दै छे त्यसले त्यहाँ ?”

घर नजिकै बारी थियो । बारीमा प्लास्टिकका घर बनाएर गोलभेडा खेती गरिएको थियो । त्यसैलाई टनेल भनिन्थ्यो ।

आमा छोरा लाल्टिन लिएर टनेलतिर गए । शिवले विस्तारै टनेलको ढोका खोले । नभन्दै देवी त्यहीँ थिइन् । उनी त्यहाँ गुन्द्रीमाथि मस्तसँग निदाइरहेकी थिइन् । उनको वरिपरि किताब कापी छरिएका थिए । उनको हातमा अझै पनि एउटा किताब थियो ।

आमाले उनको कुम हल्लाएर झक्झकाइन् । देवी आँखा मिच्दै उठिन् । उनले भाइलाई आँखा ठूलो पारेर हेरिन् ।

“घरमा नसुतेर किन यहाँ आएर सुतेकी ?” आमाले सोधिन् ।



"यहाँ कस्तो न्यानो छ आमा । थाहा पाउनु भएन ? घरको कोठाभन्दा यहाँ न्यानो छ । जाँच आउन लाग्यो । त्यसैले यहीँ आएर पढ्ने गरेकी । आज त पढ्दापढ्दै भुसुक्कै निदाइछु ।"

"हो त नि आमा, हाम्रो घरमा भन्दा यहाँ किन न्यानो भएको होला ?" शिवले सोधे ।

"खै मलाई के थाहा ! प्लास्टिकभित्र टमाटर चाँडै फल्छ, कीरा पनि लाग्दैन भन्थे । बाहिर भन्दा तातो हुँदो रहेछ र त यहाँ टमाटर राम्ररी फल्दो रहेछ । बाहिरका बोट त किच्चिक्क परेका छन्," आमाले भनिन् ।

देवीले भनिन्, "आमा, प्लास्टिक र सिसाबाट सूर्यको तातो सजिलैसँग भित्र छिर्छ रे तर भित्रको तातो बाहिर जान पाउँदैन रे । यसैले प्लास्टिकको घर धेरै बेरसम्म तातो भइरहन्छ रे । स्कुलमा मिसले भन्नु भएको ।"

"यही भएर त देवी दिनदिनै हराउँदी रैछिन्," आमाले हाँस्दै भनिन् । "घर जाउँ । भात खान ढिला भयो । हजुरबाले पर्खिरहनु भएको छ । जाउँ । "

भात खाने बेलामा शिवले हजुरबासँग सोधे, "टनेल घरजस्तै हाम्रो सिङ्गै घर प्लास्टिकले ढाकेर न्यानो पार्न पाए हुन्थ्यो नि हगि हजुरबा ?"

हजुरबाले लामो सास फेर्दै भने, "हुन त हुन्थ्यो नि बाबु, तर हामीले अब घर न्यानो गर्न प्लास्टिक पनि नचाहिएलाजस्तो छ ।"

"कसरी हजुरबा ?" देवीले उत्सुक हुँदै सोधिन् ।

"म सानो छँदा जाडो याममा कति धेरै जाडो हुन्थ्यो । वरिपरिका डाँडाहरू हिउँले ढाकिन्थे । कहिलेकाहीँ आँगन र बारीमा पनि हिउँ पर्थ्यो । अचेल आगनमा हिउँ पर्ने कुरै छाडौँ डाँडामा पनि हिउँको थोपो पर्दैन ।"

हजुरबाको कुरा सुनेर शिवले खुसी हुँदै भने, "आहा, हाम्रो आगनमा हिउँ परे त म कति खेल्थेँ हजुरबा !"

"अब त्यो सपनाको कुरा भयो बाबै । गर्मी बढेर पानीमा मूल सुके । खेतीपातीको लागि अब कुलोको भर भएन, आकाशको पानी पर्खनु पर्‍यो । खेतबारीको उब्जनी नै घटिसक्यो । माथि हिमालमा पनि हिउँ रित्तिँदै छ भन्छन् । हिमालमै हिउँ भएन भने हाम्रा खोलानालाहरू सुक्छन् ।" यति भनेर हजुरबाले लामो सास फेरे ।

"त्यसको मतलब हाम्रो पृथ्वी पहिलेभन्दा तातो भयो भन्नु भएको हो हजुरबा ?" देवीले सोधिन् ।

"रेडियोले भनेको सुनेनौ र ?" हजुरबाले भन्नुभयो । "हावामा कार्बन डाइअक्साइड र कुन कुन हो ग्यास बढ्यो भने यस्तो हुन्छ रे । हाम्रो टमाटर खेती गरेको टनेलको प्लास्टिकले तातो बाहिर जान नदिएजस्तै ग्यासहरूको बाक्लो पत्रले पृथ्वी नै टनेलजस्तो हुन्छ रे ।"



"बल्ल बुझेँ । सरले यसैलाई हरितगृह प्रभाव भन्नु भएको रहेछ । हरितगृह भनेको टमाटर उमार्ने टनेलजस्तो रहेछ !" देवीले भनिन् । "हरितगृह ग्यासको बाक्लो खोलले पृथ्वीको तातोलाई बाहिर जान नदिएपछि पृथ्वी तात्ने नै भयो ।"

"हो, यसैले रेडियोले पृथ्वीलाई तात्न नदिन रुख रोप्नु पर्‍यो भन्छ," हजुरबाले भन्नुभयो । "रुख रोप्यो भने कार्बन डाइअक्साइड घट्छ रे । पानी कम खर्च गर्दा अनि बिजुलीले चल्ने सामान कम चलाउँदा पनि पृथ्वी तातो हुने कम हुन्छ रे । पृथ्वी तातो हुँदै गयो भने यहाँका जीवजन्तु, वनस्पति र मानिसलाई ठूलो नोक्सान गर्छ रे ।"

"हाम्रो भाइ शिवले त बिजुलीको इन्जिनियर बन्छु र हाम्रो गाउँको खोलाबाट बिजुली निकाल्छु भन्थ्यो । खोलै सुक्यो भने इन्जिनियर बनेर के काम ? है न हजुरबा ?" देवीले भाइतिर हेर्दै भनिन् ।

"बिजुली खोलाबाट मात्रै निस्कन्छ र दिदी ? हावा र घामबाट पनि त बिजुली निस्कन्छ नि । सिन्धुली र मकवानपुरको गाउँमा एकै ठाउँमा घाम र हावाबाट बिजुली निकालेर घरहरू उज्यालो पारेको समाचार सुन्नु भएन र ?" शिवले मस्कँदै भने ।

"लौ, लौ इन्जिनियर नै भएस् । यसले आफ्नो जिद्दी अझै छाडेको रहेनछ । कुलको इज्जत राखेस् । अनि देवीलाई के बन्न मन छ नि ?" भन्दै हजुरबा मुसुक्क हाँस्नुभयो ।

"म त वातावरण वैज्ञानिक बन्छु । हाम्रो पृथ्वीलाई जोगाउन सघाउँछु," देवीले मुस्कुराउँदै भनिन् ।



# नागदहका माछा

सागर र अमर मिल्ने साथी थिए । शनिबारको दिन उनीहरू नागदह घुम्न गए । बसबाट ओर्लेर पाँच मिनेट जति हिँडेपछि उनीहरूले टाढैबाट नीलो पानी भएको ताल देखे । त्यही नै नागदह थियो ।

दहको वरिपरि मानिसहरूको भिड थियो । दहको छेउमा केही कार पनि थिए । किनारामा रेस्टूराँहरू थिए ।

पोखरीको किनारामा उभिएर सागर र अमरले पोखरीतिर हेरे । त्यहाँ मानिसहरू डुङ्गा चढेर घुमिरहेका थिए । साना साना डुङ्गाहरूमा चढेर मानिसहरू रमाइरहेका थिए । एउटा डुङ्गा सेतो हाँसजस्तो थियो । अगाडि हाँसको टाउको र आधा जिउ अनि पखेटा त्यसपछि डुङ्गा । उनीहरूलाई पनि डुङ्गा चढेर वरिपरि घुम्न मन लाग्यो ।

उनीहरू डुङ्गा चढ्ने ठाउँमा पुगे । डुङ्गा चढ्न पैसा तिरेर टिकट काट्नु पर्ने रहेछ । दुइटा टिकट लिए । टिकट दिनेले उनीहरूलाई दुइटा ज्याकेट दिँदै भन्यो, “डुङ्गा चढ्दा यो ज्याकेट लाउनु पर्छ । फर्केपछि यहीँ ल्याएर बुझाउनु है ।”

उनीहरूले त्यस्तो ज्याकेट कहिल्यै लगाएका थिएनन् । ज्याकेटमा हावा भरेकोले हल्का थियो र फुलेको थियो ।

“लाइफ ज्याकेट भनेको यही होला हगि ?” सागरले खुसी हुँदै भने ।

“यो लगायो भने पानीमा डुब्दैन होला नि । पौडी खेल्न सिक्नु पऱ्यो भने यो काम लाग्लाजस्तो छ,” अमरले भने ।

उनीहरू दहको डिलमा उभिएर डुङ्गा पर्खिरहे । डुङ्गा नआउँदासम्म उनीहरूले पानीमा खेलिरहेका माछाहरूलाई हेरिरहे । उनीहरूलाई माछा खेलेको रमाइलो लाग्यो ।

माछा हेर्दाहेर्दै डुङ्गा पनि आइपुग्यो । डुङ्गा काठको मुढाको नभई खुल्ला कारजस्तो देखिन्थ्यो । तर माथि खुल्ला थियो । छ वटा कुर्सी दुईतिर लस्करै राखिएको थियो । कारमा जस्तो इन्जिन थिएन । साइकल चलाएजस्तो खुट्टाले प्याडलमा दबाएर डुङ्गा चल्थ्यो । डुङ्गा घुमाउन कारमा जस्तै स्टेयरिङ थियो ।

सागर र अमरले लाइफ ज्याकेट लाए र बिस्तारै डुङ्गामा बसे । डुङ्गा चालकसमेत छ जना बसेपछि चालकले प्याडल दबाउन थाल्यो । डुङ्गा बिस्तारै अगाडि बढ्यो । सागर र अमर उत्सुक र रोमाञ्चित हुँदै वरिपरि हेर्न थाले ।

उनीहरूले देखे दहको किनारामा नागको मन्दिर थियो । मानिसहरू नागको मूर्तिको पूजा गरिरहेका थिए । मन्दिरको छेउमा मानिसहरू लुगा धोइरहेका थिए । साना केटाकेटीहरू पौडी खेलिरहेका थिए ।

दहको पश्चिमतिर खेतका गराहरू थिए । किसानहरू खेतमा काम गरिरहेका थिए । डुङ्गा बिस्तारै खेतको नजिकै पुग्यो । अचानक अमरले पानीभित्र सेता कुरा टल्केको देखे । उनले उत्साहित हुँदै भने, “हेर त सागर, पानीभित्र के टल्केको !”

अमरको कुरा सुनेर डुङ्गामा बसेका सबै जनाको ध्यान पानीमा गयो । सबैले पानीभित्र हेर्न थाले । सबै जना एकातिर ढल्केकोले डुङ्गा पनि कोल्टे पऱ्यो । डुङ्गा चालक चिच्यायो, “ए, के गरेको ? डुङ्गा घोप्टिएला ! सिधा भएर बस्नुस् ।”

सबै जना सतर्क भए र सिधा भएर आफ्नो कुर्सीमा बसे । अमरले डुङ्गा चालकलाई सोधे, “पानीभित्र टल्केको कुरा के हो दाइ ? हेरौँ न ।”

चालकले अन्कनाउँदै डुङ्गा खेतको किनारामा लगेर रोके । उनीहरूले देखे, पानीको पिँधमा माछाहरू कत्ति पनि नचली पल्टेका थिए ।

त्यो देखेर सागरलाई अचम्म लाग्यो । उनले चालकसँग सोधे, "माछा त चलेको छैन नि दाइ । सुतेको हो कि ?"

उनको प्रश्न सुनेर अरू हाँसे । चालकले जवाफ दिए, "यी माछा सुतेका हैनन् मरेका हुन् । केही दिन भयो दहका माछा मर्न थालेका छन् । नाग देवता रिसायो भने यस्तो हुन्छ भन्छन् ।"

"नाग देवता किन रिसायो होला दाइ ?" सागरले सोधे ।

"नाग रिसाउँदैमा बिचरा माछाहरू मर्नु नपर्ने । यसमा अरू नै कारण होला !" अमरले बीचैमा जवाफ दिए ।

"नाग रिसाउनुको पनि त कारण होला नि । के कारणले नाग रिसायो होला दाइ ?" सागरले डुङ्गा चालकसँग सोधे ।

डुङ्गा चालकले भने, "खै किन रिसायो थाहा छैन । नागको पूजा पनि गरेकै छौँ । क्षमा पूजा पनि गरेको हो । तर माछा मर्न रोकिएको छैन ।"

दहका माछा किन मरे भन्ने कुरा जान्न सागर र अमर दुवै जना उत्सुक थिए । डुङ्गामा बस्ने अरू केटाहरू रमाइलो मानेर गीत गाइरहेका थिए । तर सागर र अमरको ध्यान भने दहको पानीभित्र नै थियो ।

उनीहरूले पानीभित्र धेरै माछा मरेको देखे । दहको किनारातिर पानीमा बकुल्ला चराहरू एउटा खुट्टाले टेकेर माछा समात्न ध्यानमग्न भएर उभिएका थिए । दहको किनाराको बगरमा उनीहरूले एउटा बकुल्ला मरेको पनि देखे ।

"हेर सागर त्यहाँ बकुल्ला मरेको !" अमरले अचानक बगरतिर देखाउँदै भने ।

"मरेको माछा खाएकोले बकुल्ला मरेको हो कि ?" सागरले शङ्का व्यक्त गरे । "यसको मतलब माछाको जिउमा विष हुनुपर्छ । विष खाएर माछा मऱ्यो अनि माछा खाएर बकुल्ला मऱ्यो । मलाई त यहाँ कसैले माछा मार्न पानीमा विष हालेजस्तो लाग्छ ।"

"यो दहको माछा खायो भने नागराज रिसाउँछ भनेर कसैले पनि यहाँको माछा खाँदैन । विष हाल्ने त कुरै छाडौँ," डुङ्गा चालकले जोड दिँदै भने ।

तर उनको जवाफ सागर र अमरलाई चित्त बुझेन । उनीहरूले यो कुरा स्कुलमा विज्ञान शिक्षकसँग सोध्ने निधो गरे ।

त्यसपछि उनीहरू डुङ्गाबाट ओर्ले । दहको किनारामै रेस्टूराँमा गएर खाजा खाए । अनि घर फर्के ।

भोलिपल्ट स्कुलमा विज्ञानको कक्षामा सागर र अमरले नागदह गएको र त्यहाँका माछा धमाधम मर्न लागेको कुरा सुनाए ।

उनीहरूले विज्ञान सरसँग सोधे, “माछा किन मरेको होला सर । माछालाई जोगाउन के गर्नुपर्छ होला ?”

“तिमीले महत्वपूर्ण कुरा उठायौ,” सरले भन्नुभयो । “धेरै वर्ष पहिले तराई र पहाडका जिल्लाहरूमा औलो नियन्त्रण कार्यक्रम गर्दा पनि यस्ता घटनाहरू भएका थिए । त्यसबेला लामखुट्टे मार्नका लागि डीडीटी भन्ने विष गाउँका घरघरमा छर्किएको थियो । लामखुट्टे हुर्कने पोखरीहरूमा पनि डीडीटी छर्किएको थियो । त्यसको असर पानीमा बस्ने माछा, भ्यागुता र अरू कीराहरूमा पनि परे । मरेका माछा खाएर कौवा, गिद्ध र धेरै चराहरू मरे । माछा खाएर मानिसहरू बिरामी परे । पछि त्यो विष संसारभरि ब्याण्ड लाग्यो ।”



सरको कुरा सुनेर सागरको मनमा नयाँ विचार आयो । उनले भने, “हो, सर नागदहमा पनि यस्तै भएको हुनसक्छ । किनकि हामीले त्यहाँ माछा खाएर मरेको बकुल्ला चरा पनि देख्यौँ । तर सर पानीमा विष कसरी पुग्यो होला ? कसले राख्यो होला । किनकि नागदेवताको डरले त्यहाँ कसैले पनि दहको माछा खान्न भनेको हामीले सुन्यौँ ।”

“दहको पानीमा प्रदूषित हुनुका धेरै कारण हुन सक्छन्,” विज्ञान सरले भन्नुभयो । “दहको वरिपरि खेतमा किसानले रासायनिक मल राख्यो भने पनि खेतबाट बगेको पानी दहमा पुग्न सक्छ । किसानले फलफूल तरकारी कीराबाट जोगाउन विषादी छर्कँदा पनि दहको पानी दूषित भएको हुन सक्छ । दूषित पानीले गर्दा माछाहरू मरेको र माछा खाएर चरा मरेको हुनसक्छ ।”

“रासायनिक मल र कीरा मार्ने विष राखेर फलाएको तरकारी र फलफूल खाँदा मानिस बिरामी हुन्न र सर ?” अमरले सोधे ।

“निश्चय नै हुन्छ । विषादी छर्केको फलफूल, तरकारी खाँदा क्यान्सरजस्तो घातक रोग लाग्न सक्छ । त्यति मात्रै होइन खेतीपातीमा विषादी छर्ने किसानको शरीरमा पनि विषादीको असर हुन्छ,” विज्ञान सरले भन्नुभयो । “रासायनिक मलको प्रयोगले माटो पनि रुखो हुन्छ । केही वर्षपछि त्यो माटोमा उत्पादन घट्न थाल्छ ।”

सरको कुरा सुन्दा सागर र अमरलाई नागदहको दृश्यको सम्झना भयो । अमरले भने, “यो कुरा किसानहरू र नागदह वरिपरिका बासिन्दालाई थाहा दिन पाए उनीहरूले यस्तो काम गर्दैनथे होला । यसको लागि हामीले केही गर्न सक्तैनौँ सर ?”

“कोसिस गरौँ न त,” सरले खुसी हुँदै भन्नुभयो ।

अर्को शनिबार विज्ञान सरसँगै सागर, अमर र उनको कक्षामा पढ्ने विनोद, ध्रुव र केही साथीहरू नागदह पुगे । उनीहरू दहको वरिपरि घुमे । फोटो खिचे । अनि दहको किनारामा बनेको रेस्टूराँमा चमेना खान गए ।

चमेना खाँदै विज्ञान सरले रेस्टूराँको मालिक देवमानसँग सोधे, “साहुजी, अचेल नागदहमा आउने मानिस बढेका छन् कि घटेका छन् ? तपाईंको रेस्टूराँ कत्तिको चलेको छ ?”

“कहाँ चल्नु रेस्टूराँ ? पहिलेजस्तो मानिस आउन छाडे । रेस्टूराँ नै बन्द गर्ने हो कि भन्ने भइरहेछ ।”

देवमानको कुरा सुनेर सागर र अमरलाई दुःख लाग्यो । सागरले हत्तपत्त सोधे, “मानिसहरू यहाँ किन आउन छाडेको होला दाइ ?”

"केही महिना भयो । यहाँका माछा दिनदिनै मरिरहेछन् । मरेको माछा खाएर चराहरू पनि मरिरहेछन् । वरिपरि चराहरू पनि आउन छाडेका छन् । मानिसहरू यहाँ माछा र चरा हेर्न आउँथे । त्यही हेर्न नपाएपछि को आउँछ र ?" देवमानले भने ।

"माछा मर्नुको कारण के हो जस्तो लाग्छ तपाईंलाई ?" सरले सोध्नुभयो ।

"खै, नागदेवता रिसाएर माछा मरेको भन्छन् । तर हामीले नागको पूजा गर्न छाडेका छैनौँ । दैव जानोस् ।"

"त्यसो हैन साहुजी, दहको पानीमा विषालु कुरा मिसिएर माछा मरेका हुनसक्छ," सरले भन्नुभयो ।

"कसले मिसाउँछ पानीमा विष । त्यसो गऱ्यो भने त नाग देवताले त्यसलाई बाँकी राख्तैन ।" देवमानले भने ।

सरले दहभन्दा माथितिरको खेत देखाउँदै सोध्नुभयो, "त्यो खेतमा कस्तो राम्रो तरकारी फलेको रहेछ । त्यो खेत कसको हो तपाईंलाई थाहा छ ?"

"त्यो हाम्रो काकाको खेत हो । उहाँले अचेल नयाँ नयाँ तरकारी फलाउन थाल्नु भएको छ । पहिले धान, मकै, गहुँ रोप्दा भन्दा अहिले तरकारी खेती गर्दा धेरै फाइदा भएको छ ।"

"कस्तो राम्रो रहेछ । काउली, बन्दा, टमाटर कस्तो सप्रेको रहेछ । तपाईंको काकाले कस्तो मल राखेर खेतीपाती गर्नु हुन्छ, तपाईंलाई थाहा छ कि ?"

"किन थाहा नहुनु । बजार गएको बेलामा मैले नै उहाँको लागि विभिन्न प्रकारका रासायनिक मल ल्याइदिन्छु । अनि तरकारीमा कीरा लाग्न नदिन झोल औषधीहरू ल्याइदिन्छु । यसैले त तरकारी त्यसरी फलेको । नत्र पुरानो तरिकाले खेती गरेको भए कहाँ यति धेरै फल्थ्यो र !" देवमानले भने ।

"माछा मरेको कारण बल्ल मैले बुझेँ । तपाईंको काकाको खेतमा राखेको रासायनिक मल र विषादीले गर्दा यहाँको पानी प्रदूषित भएर माछा मरेको रहेछ बुझ्नु भयो ?"

विज्ञान सरको कुरा सुनेर देवमान झनक्क रिसाए । उनले भने, "हाम्रो काकाको खेतीको सबैले तारिफ गर्छन् । उहाँलाई अगुवा किसान भन्छन् । तपाईं भने उहाँले गर्दा दहको माछा मऱ्यो भन्नु हुन्छ । के कुरा गरेको । यस्तो कुरा नगर्नुस् ।"

विज्ञान सरले देवमानलाई सम्झाउन खोज्दै भन्नुभयो, "यो दहसँग तपाईंको भविष्य पनि जोडिएको छ । दहका सबै माछा मरे भने को आउँछ यहाँ ? तपाईंले रेस्टूराँ बन्द गर्नुपर्ने अवस्था आयो भन्नुहुन्छ ।"



त्यसपछि विज्ञान सरले रासायनिक मल र विषादी कसरी पानीमा मिसिएर माटोभित्रबाट दहको पानीमा मिसिन्छ भनेर सम्झाउनु भयो । उहाँले रासायनिक मल र विषादीबाट मानिस र जीवजन्तुलाई हुने रोगको बारेमा पनि भन्नुभयो । उहाँले भन्नुभयो, “यो दहको वातावरण राम्रो भयो भने यहाँ माछा, हाँस, कछुवा, बकुल्ला तथा धेरै प्रकारका चराहरू आउँछन् । तिनलाई हेर्न मानिसहरूको भिड लाग्छ । अनि दह वरिपरि व्यापार बढ्छ । दहलाई प्रदूषित गर्नु भनेको त आत्महत्या गरेजस्तै हो ।”

सरको कुरा सुनेर देवमानको आँखा खुल्यो । उनले भने, “मैले बुझेँ । तपाईंहरूले मेरो आँखा खोलिदिनु भयो । अब म यो दहको वातावरण सफा र सुन्दर बनाउने काममा लाग्छु । काका र अरू छरछिमेकलाई पनि रासायनिक मल र विषादी नराख्न भन्छु । नागदह वरिपरि बस्ने सबै जना मिलेर काम गर्छौं ।”


अर्को शनिबार विज्ञान सर र विद्यार्थीहरू फेरि नागदह पुगे । उनीहरूले नागदह नपुग्दै हरियो रङको ठूलो साइनबोर्ड देखे । त्यसमा लेखिएको थियो : नागदह वातावरण संरक्षण समिति तपाईंको हार्दिक स्वागत गर्छ ।”

# पशुपंछीहरु फर्केर आए

चतुर बाँदर रुखको हाँगामा झुन्डिएर खेल्दै थियो । ऊ उफ्रेर एउटा रुखबाट अर्को रुखमा पुग्ने अभ्यास गर्दै थियो । अचानक रुखको हाँगा भाँच्चियो । ऊ भुइँमा पछारियो । उसले जिउको धुलो टक्टकाउँदै रुखतिर हेर्‍यो ।

"ऐया नि । चतुरले मेरो हातै भाँचिदियो । अबदेखि मकहाँ आइस् भने तँलाई माथिबाटै खसालिदिन्छु," आफ्नो हाँगा भाँचिएकोमा रुखले रुँदै चतुरलाई गाली गर्‍यो ।

चतुरको जिउ पनि बेस्सरी दुखेको थियो । उसले टाउको छाम्दै भन्यो, "तिमीले गर्दा त हो नि म खसेको । तिम्रो हाँगा कस्तो कमजोर रै'छ ।"



"आफै मनपरी उफ्रन्छौ, अनि दोष मलाई दिन्छौ ?" रुखले रिसाउँदै भन्यो । "अबदेखि तिमी मात्रै हैन कुनै पनि बाँदरलाई मकहाँ आउन दिन्नँ । जाऊ यो कुरा तिम्रा साथीहरूलाई पनि सुनाऊ ।"

त्यो रुखको कुरा वरिपरिका अरू रुखले पनि सुनिरहेका थिए । तीमध्ये केही फलफूलका रुख पनि थिए । तिनीहरूले भने, "यसले हाम्रो फल पाक्नै दिन्न । खाइहाल्छ । खानुभन्दा धेरै भुइँमा खसालेर नाश पार्छ । हामी पनि अबदेखि बाँदरलाई रुख चढ्न दिन्नौँ ।"

चतुर बिस्तारै हिँडेर खोलातिर गयो । खोलामा उसको साथी भकुल्ले हात्ती नुहाइरहेको उसले देख्यो । ऊ सरासर भकुल्लेको नजिक गयो र भन्यो, "नमस्ते मिज्जु !"

"नमस्ते ! के छ हाल खबर ? सञ्चै छ ?" भन्दै भकुल्लेले सुँडमा भरिएको पानी चतुरतिर फ्याँक्यो ।

"यो के गरेको मिज्जु ! भर्खर रुखबाट खसेर जिउ दुखिरहेछ । त्यसमाथि तिमीले मेरो जिउ भिजाइदियौ । अब के गर्ने ?" चतुरले गुनासो गर्‍यो ।

"माफ गर मिज्जु, मैले थाहा पाइनँ । के भयो भन त ?" भकुल्ले चतुरको छेउमा गयो र सुँडले उसको जिउ मुसार्दै सोध्यो ।

चतुरले रुखको हाँगा भाँचिएर भुइँमा खसेको, अनि रुख रिसाएर अबदेखि रुखमा चढ्न दिन्न भनेको सबै कुरा भकुल्लेलाई सुनायो । उसले भन्यो, "रुखमा चढ्न नपाएपछि म कहाँ खेल्ने ? रुखका फलफूल खान पाइँन भने कसरी पेट भरिन्छ !"

चतुरको कुरा सुनेर भकुल्लेलाई रुखसँग रिस उठ्यो । उसले भन्यो, "जाउँ, कुन रुख हो त्यो मलाई देखाऊ त । म त्यसलाई ठिक पार्छु ।"

चतुर र भकुल्ले अघि चतुर खसेको रुखको छेउमा पुगे । त्यहाँ पुग्ने बित्तिकै भकुल्लेले सुँड उचालेर रुखको हाँगा समात्दै भाँच्न थाल्यो ।

भकुल्ले रिसाउँदै रुखका हाँगा भाँच्न लागेको देखेर नजिकैका अरू रुखहरू कराए, "के गरेको यस्तो ? अघि भर्खरै चतुरले हाँगा भाँचेर गयो । अब तिमीले पनि भाँच्न थाल्यौ ? यस्तो नचाहिने काम नगर ।"

रुखहरूको कुरा सुनेर भकुल्ले झन् रिसायो । उसले नजिकका अरू रुखको हाँगा पनि तान्यो । अग्ला फलफूलका रुखको फेदमा गएर उसले जिउ घसारेर रुख हल्लाइदियो । रुखमा भर्खर फलेका काँचा फलहरू भुइँमा झरे । रुखको हाँगामा भएको चराको गुँड पनि खस्यो । गुँडमा भएको फुल फुट्यो ।

चराहरू च्याँ च्याँ चुँ चुँ गरेर कराउँदै उडेर गए ।

त्यसपछि भकुल्ले र चतुर खुसी हुँदै खोलातिर गए ।

“हामीलाई त पशुहरूले मात्रै हैन चराहरूले पनि दुःख दिन्छन् । हाम्रो हाँगामा गुँड बनाएर फोहोर गर्छन् । राति चमेरा आएर फलफूल खाइदिन्छ । कराएर सुत्न दिन्न,” फलको रुखले भन्यो ।

“मौरीले पनि फूलको रस जति चोरेर लैजान्छ । भुनभुन कराएर हैरान पार्छ,” सेतै फुलेको च्युरीको रुखले भन्यो ।

आखिर सबै रुखहरूले सल्लाह गरे र कुनै पनि पशु र चरालाई वनमा बस्न नदिने निधो गरे ।

रुखहरूले वनमा बस्न नदिने भएपछि वनमा बस्ने बाघ, भालु, चितुवा, स्याल, मृग, खरायो, न्याउरी मुसा सबै अर्को वनमा बसाइँ सरे । चराहरू पनि बसाइँ सरेर अर्को वनमा गए । मौरी र अरू कीरा फट्याङ्ग्राहरू पनि अर्को वनमा बस्न गए ।

वनमा कीरा, चरा र कुनै पनि जनावरको स्वर सुनिन छाड्यो । रुखहरूले भने, “बल्ल सुख शान्तिसँग बस्न पाइयो ।”

तर उनीहरूको सुख शान्ति धेरै दिन टिकेन ।


एक दिन केही मानिसहरू घुम्दै वनमा पुगे । त्यहाँ उनीहरूले कुनै पशु र चराहरू देखेनन् । एक जनाले भन्यो, “यो वनका पशुपंछीहरू कहाँ गएका होलान् ? हेर त यहाँ कस्ता ठूलाठूला र अग्ला अग्ला रुखहरू छन् । यी रुख काटेर बेच्यो भने धेरै पैसा कमाइन्छ । कसो ?”

“यस्तो सजिलोसँग काट्न मिल्ने भए त अरूले काटिसक्थ्यो होला नि । यति राम्रा काठपातहरू कसरी बाँकी रहन्थ्यो !” अर्कोले भन्यो ।

“हो, पहिले पनि म यहाँ रुख काट्न आएको थिएँ । तर जङ्गली जनावरहरूले गर्दा काट्न सकिन । यो वनमा पहिले धेरै बाघ, भालु, चितुवा, हात्ती, गैँडाहरू बस्थे । अहिले त सबै जनावर अन्तै गएजस्तो छ । यस्तो मौका खेर फाल्नु हुँदैन,” पहिलो मानिसले भन्यो ।

उनीहरूले रुखको फेदमा बसेर रुख काट्ने सल्लाह गरे । बञ्चरो र करौँटी चलाउन जान्ने सिपालु ज्यामीहरूलाई ल्याउने, रुख काट्ने र गाडामा राखेर बजारमा लैजाने योजना बनाए ।

उनीहरूको रुख काट्ने योजना सुनेर रुखहरू डरले थरथर काँप्न थाले । उनीहरूले पशुपंछीहरूलाई वनबाट धपाएकोमा पछुतो माने । मानिसहरू फर्केर गएपछि उनीहरूले कौवालाई बोलाए । उनीहरूले कौवालाई भने, “हामीले वनका पशुपंछीलाई धपाएर ठूलो




गल्ती गरेछौँ । उनीहरू भएनन् भने अब हाम्रो र यो वनको अस्तित्व नरहने भयो । यसैले हाम्रो तर्फबाट उनीहरूसँग माफी मागिदेऊ र उनीहरूलाई यो वनमा फर्क भन ।”

वन मासियोस् भन्ने कुरा कौवाले चाहन्नथ्यो । अरू जनावर र चराहरूले पनि वनलाई आफ्नो सुरक्षित घर ठान्थे । कौवा उडेर अर्को वनमा गयो र त्यहाँ बसाइँ सरेका सबै पशुपंछीलाई रुखहरूले पठाएको सन्देश सुनायो ।

जनावर र चराहरू पनि आफ्नो वनमा फर्कन पाएकोमा खुसी भए । उनीहरूसँगै मौरी र कीरा फट्याङ्ग्राहरू पनि वनमा फर्के ।

केही दिनपछि रुख काट्ने मानिसहरू धारिला औजार लिएर वनमा पुगे । वनको मुखैमा उनीहरूले बाघ, चितुवा कराएको सुने । उनीहरूले परैबाट गैँडा र हात्तीहरू खोलामा खेलिरहेका, बाँदर र चराहरू रुखमा रमाइरहेको देखे । त्यसपछि उनीहरूले वनभित्र जाने आँट गर्न सकेनन् ।



# होली खेल्दा

"ए, केशव ! होली खेल्न जाने हैन । आजको दिन पनि घरभित्रै बस्ने ? साथीहरूले कस्तो रमाइलो गरिरहेका छन् । जाउँ ।"

केशव कोठामा बसेर पढिरहेको थियो । साथी प्रदीपले बोलाएको सुनेर ऊ उठ्यो र झ्यालबाट हे-यो ।

प्रदीपको लुगा रङले भिजेर रङ्गीचङ्गी भएको थियो । उसको हातमा पिच्कारी थियो । उसको कपाल र अनुहारमा रातो हरियो अबिर दलिएको थियो । झट्ट हेर्दा उसलाई चिन्न गाह्रो थियो । उसको स्वरले मात्रै केशवले ऊ प्रदीप हो भनेर ठम्यायो ।

केशवलाई साथीहरूसँग होली खेल्न मन नलागेको हैन । तर उसकी आमाले उसलाई घरबाट ननिस्कनु भनेकी थिइन् । उसले एकपल्ट आमासँग सोध्ने विचार ग-यो र प्रदीपलाई झ्यालबाटै भन्यो, "एकैछिन पर्ख है । आमासँग सोध्छु ।"

केशव आमालाई सोध्न भान्छामा गयो । त्यहाँ आमा थिइनन् । ऊ बुइँगलमा गयो । त्यहाँ पनि आमालाई देखेन । उसले 'आमा ! आमा !' भनेर तीनचार चोटि बोलायो । तर कतैबाट जवाफ आएन ।

आमासँग सोध्न नपाएपछि उसले प्रदीपसँग जाने निधो गऱ्यो । उसले झ्यालबाटै प्रदीपलाई भन्यो, "मसँग पिच्कारी र रङ पनि छैन । किन्ने पैसा पनि छैन । आमा हुनुहुन्न के गर्ने ?"

"तिमीमात्रै आए हुन्छ । पिच्कारी, रङ, अबिर सबै कुरा हामीसँग छ । छिट्टो आइहाल न," प्रदीपले भन्यो ।

केशव हतारिँदै तल झऱ्यो । घरको मूल ढोका ढप्कायो र प्रदीपको छेउमा पुग्यो ।

प्रदीपले उसलाई प्लास्टिकमा राखेको एक पोका रङ दिँदै भन्यो, "लौ, यो अबिर । साथीहरूलाई लगाइदेऊ ।"

प्रदीपले उसको निधारमा रातो अबिरको लामो टीका लगाइदियो । अनि दुवै गालामा अलिअलि अबिर दलिदियो ।

केशवले पनि प्रदीपले दिएको रङको पोका खोल्यो र त्यसबाट प्रदीपको निधार र गालामा अबिर लगाइदिन खोज्यो ।

"यो त हरियो रहेछ ! हरियो अबिर पनि हुन्छ र ?" केशवले अचम्म मान्दै भन्यो ।

"रातो अबिर त पुरानो चलन हो । अचेल त धेरै रङको अबिर आउँछ," प्रदीपले भन्यो ।

"तिम्रो अनुहारका त रङ लगाउने ठाउँ नै छैन," केशवले हाँस्दै भन्यो । "नाकको टुप्पामा लगाइदिउँ ?"

त्यसपछि ती दुवै जना होली खेल्न बजारको चोकतिर लागे । अलिपर उनीहरूले धेरै मानिस 'होली हो !' भन्दै कराएको सुने । उनीहरूको उत्सुकता जाग्यो । उनीहरू छिटोछिटो त्यतातिर लागे ।

चोकमा नपुग्दै होली खेल्न निस्केका ठिटाहरूको भिडसँग उनीहरूको जम्काभेट भयो ।

त्यो भिडमा उनीहरूले चिनेको कोही पनि थिएन । अचानक भिडबाट केही ठिटाहरू आएर उनीहरूलाई समाते । केहीले उनीहरूलाई दुई हातले अँगालो मारेजस्तो गरेर अँठ्याए । अनि केहीले उनीहरूको अनुहार र कपालमा रङ लाउन थाले ।

एक जना केटाले केशवको कमिजभित्र हात घुसारेर अबिर दल्न थाल्यो ।

केशवले विरोध गर्न र उम्कन खोज्यो । तर ठिटाहरूले उसलाई झन् जोडले कसे ।

अचानकको यस्तो घटनाले केशव आत्तियो । उसले प्रदीपतिर हेऱ्यो । केटाहरूले प्रदीपको पाइन्ट फुकालेर उसलाई नाङ्गो पार्न खोजिरहेका थिए ।



त्यो देखेर केशव आत्तियो । उसले कसरी त्यहाँबाट भाग्ने भन्ने सोच्न थाल्यो । उसले भएभरको बल निकाल्यो । ऊ अचानक ती केटाहरूको हातबाट फुत्क्यो र बेतोडले दगुर्दै घरभित्र पस्यो । उसलाई लखेट्दै आएका केटाहरू बीच बाटोबाट फर्के ।

केशवकी आमा घरमा केशवलाई खोज्दै थिइन् । अचानक केशव त्यसरी रङ्गिएर दगुर्दै आएको देखेर आत्तिँदै सोधिन्, "के भयो ? कसले अबिर लगाइदियो । तिमीलाई आज घर बाहिर नजाऊ भनेको हैन ?"

केशवले आमाको कुराको जवाफ नदिइकन रुन कराउन थाल्यो, "आमा मलाई पोल्यो । लौन पानी खान दिनुस् न आमा ।"

आमाले आत्तिँदै पानी खान दिइन् र सोधिन्, "खै कहाँ पोल्यो ?"

"जिउभरि पोल्यो आमा । अबिर राखेको सबै ठाउँमा पोल्यो ।"

आमाले उसको हात समातेर उसलाई धारामा लगिन् र नुहाउन लगाइन् । केशवले पूरै जिउ पहिले पानीले पखाल्यो अनि साबुन लाएर जिउमा कपडाले रगड्यो । तर जति रगडे पनि आङमा लागेको रङ गएन । उसको पेट, छाती, पिठ्युँ, अनुहार र हात खुट्टामा पनि चाला परेको देखियो । उसको जिउको छाला बाक्लो हुँदै आयो । उसलाई खुबै चिलायो । जति कन्यायो उति छालामा खटिराजस्तो आउन थाल्यो । अनुहार सुन्निएर बेलुनजस्तो भयो ।

त्यो देखेर आमा डराइन् । उनले केशवलाई लुगा लाउन लगाएर हतारहतार अस्पतालमा लगिन् । बाटोभरि उसले जिउ कन्याइरह्यो । उसको आँखा पनि चिलाउन र रातो हुन थाल्यो । उसले लगातार खोक्न र थुक्न थाल्यो ।


अस्पतालमा पुग्दा उनीहरूभन्दा पहिले त्यहाँ त्यस्तै समस्यामा परेका दस बाह्र जना केटा पुगिसकेका थिए । डाक्टरले उनीहरूलाई एलर्जीको औषधी ख्वाएर शान्त पार्न खोज्दै थिए ।

केशवलाई जाँच्दै डाक्टरले भने, "मानिसहरू पैसा कमाउन कस्तो कस्तो अपराध गर्छन् । अनेक प्रकारको केमिकल राखेर गाढा रङ बनाउँछन् । यस्तो केमिकलले मानिसको छाला चिलाउँछ , सुन्निन्छ । क्यान्सर पनि हुन सक्छ । रौँमा परे रौँ झर्न सक्छ । आँखामा परे आँखाको रोग लाग्ने र आँखा नदेख्ने पनि हुन सक्छ । धुलो उडेर फोक्सोमा पुगे दम र क्यान्सर रोग लाग्न सक्छ ।"

"त्यसैले डाक्टर साहेब, आज यसलाई घरबाट ननिस्कनु भनेकी थिएँ । म नभएको बेलामा यसको साथी आएर फकाएर लगेछ । अब के गर्ने होला डाक्टर साहेब ?" आमाले रुन्चे स्वरमा भनिन् ।

डाक्टरले गम्भीर हुँदै भने, "अहिले नै यही होला भन्न सकिन्न । खाने र जिउमा लाउने औषधी लेखिदिएको छु । पर्सि फेरि छोरालाई लिएर आउनुस् । अनि औषधी थप्नु पर्छ कि अरू थप उपचार गर्नु पर्छ थाहा हुन्छ ।

अस्पतालबाट निस्कन लागेको बेलामा उनीहरूले केशवको साथी प्रदीपलाई बिरामी बोक्ने स्ट्रेचरमा बोकाएर ल्याउँदै गरेको देखे । उनीहरू केही नबोली घरतिर लागे ।



# परिशिष्ट १ : पृथ्वीका संसाधन र तिनको संरक्षण

पृथ्वी मानिस, जनावर, चरा, रुखबिरुवा, कीरा फट्याङ्ग्रा, माछा, भ्यागुता सबै प्राणीको साझा घर हो । यहाँ पाइने घाम, हावा, पानी, माटो, वनजङ्गल, रुखबिरुवा हामीले उपयोग गर्छौं । हावा भएन भने कुनै पनि प्राणी बाँच्न सक्तैन । सबै प्राणीको शरीर पानीले बनेको छ । घाम भएन भने वनस्पतिले भोजन बनाउन सक्तैन । वनस्पति भएन भने अरू जनावर र मानिस पनि बाँच्न सक्तैन ।

हामीलाई सास फेर्न हावा चाहिन्छ । पिउन र विभिन्न काममा पानी चाहिन्छ । पेट भर्न, खानका लागि बोट, बिरुवा, वनस्पति चाहिन्छ । खेतीपाती गर्न, अन्न, फलफूल, तरकारी उमार्न माटो चाहिन्छ । कलकारखाना, जहाज, मोटर चलाउनका लागि कोइला, पेट्रोल, ग्यास चाहिन्छ । घाम, हावा, पानी, माटो, ढुङ्गा, रुख बिरुवा र जीवजन्तु तथा जमिनमुनि खानीबाट निस्कने तेल, कोइला, धातु तथा विभिन्न पदार्थ सबै पृथ्वीका संसाधन (Resources) हुन् । हामी सबै जन्मन, हुर्कन, बाँच्न र आफ्नो वंशलाई अगाडि बढाउन पृथ्वीका संसाधनमाथि निर्भर छौं ।

हामीलाई विभिन्न काम गर्नका लागि ऊर्जा (Energy) चाहिन्छ । हाम्रो शरीरले भोजन, हावा र घामबाट ऊर्जा पाउँछ । घरभित्र र बाहिर प्रयोग हुने यन्त्र, उपकरणहरू चलाउन ताप, बिजुली आदि ऊर्जा चाहिन्छ । सूर्यको प्रकाश, खोलाको पानी, बतास तथा जैविक वस्तुहरूबाट ऊर्जा प्राप्त हुन्छ । जमिनमुनिबाट निस्कने कोइला, तेल पनि ऊर्जाका मुख्य स्रोत हुन् । घाम, पानी, बतास र जैविक वस्तु कहिल्यै नसकिने, नरित्तिने स्रोत हुन् भने कोइला, तेल आदि रित्तिने स्रोत हुन् ।

घाम, पानी, बतास र जैविक वस्तुको प्रयोग गर्दा वातावरण बिग्रन्न । तर कोइला, ग्यास, पेट्रोल, डिजेल आदि प्रयोग गर्दा कार्बन डाइअक्साइड ग्यास निस्कन्छ । यो ग्यास मानव स्वास्थ्यका लागि हानिकारक ग्यास हो । यो ग्यास वायुमण्डलमा मिसिएपछि वायुमण्डलको माथिल्लो पत्र बाक्लो हुन्छ र पृथ्वीले सिरक ओढेझैँ हुन्छ । अनि वायुमण्डल तातो हुन्छ । यसलाई ग्लोबल वार्मिङ भनिन्छ ।

ग्लोबल वार्मिङले हिउँ पग्लन्छ, पानीका मूल सुक्छन्, समुद्रको पानीको सतह बढ्छ, कुबेलामा पानी पर्छ, जाडो ठाउँमा गर्मी हुन्छ । यसरी पृथ्वीको जलवायुमा परिवर्तन हुन्छ । जलवायु परिवर्तन भयो भने खाद्यान्न, फलफूल, तरकारी उत्पादनमा असर पर्छ । बाढी, पहिरो आउँछ । मानिसको बस्ती खल्बलिन्छ । जलवायु परिवर्तनले मानिसको मात्रै हैन अरू जीवजन्तु र वनस्पतिको अस्तित्वमा पनि खतरामा पर्छ ।

जलवायु परिवर्तन हुन नदिन र पृथ्वीको वातावरण जोगाउनका लागि पृथ्वीका संसाधनहरू फारो गरी प्रयोग गर्नुपर्छ । घाम, पानी, बतास र जैविक वस्तुजस्ता नरित्तिने स्रोतबाट ऊर्जा प्राप्त गर्नुपर्छ । रित्तिने र कार्बन डाइअक्साइड निकाल्ने स्रोतको प्रयोग घटाउनु पर्छ । रुख बिरुवाले कार्बन डाइअक्साइड लिएर अक्सिजन दिन्छ । यसैले रुख बिरुवा रोप्नु र वनजङ्गल हुर्काउनु वातावरण जोगाउनका लागि हरेक व्यक्तिले गर्न सक्ने सबैभन्दा उपयोगी काम हो ।

हामीले बिहान उठेदेखि साँझ नसुतेसम्म विभिन्न प्रकारका काम गर्छौं । हाम्रा कामहरू, जस्तै : खाना पकाउँदा, लुगा धुँदा, भाँडा माझ्दा, जाँदा आउँदा, विभिन्न प्रकारका कामले वातावरणलाई प्रदूषित गरिरहेको हुन्छ ।

हामीले वातावरणमा दुई प्रकारका फोहोर फालिरहेका हुन्छौं – कुहिने (Bio-degradable) र नकुहिने (Non bio-degradable) फोहोर । तरकारी, फलफूलजस्ता वनस्पतिबाट निस्कने फोहोर कुहिन्छन् र मल बन्छ । तर प्लास्टिक, सिसा, टिन, अल्मुनियमका सामान कुहिन्नन् । यस्ता वस्तुले माटो र पानीलाई दूषित बनाउँछ । ती वस्तु खिइएर निस्कने रासायनिक पदार्थ विषालु हुन्छ र जीवजन्तु र मानिसलाई हानि गर्छ ।

कुहिएर नजाने यस्ता फोहोरलाई हामीले तीन तरिकाले तह लगाउन सक्छौं । यसलाई अङ्ग्रेजीमा तीन आर (3R) भनिन्छ । यसको अर्थ हो : रिड्युस (Reduce), रियुज (Reuse) र रिसाइकल (Recycle) ।

रिड्युसको मतलब हो सजिलोसँग नकुहिने सामानको प्रयोग घटाउने । प्लास्टिक, टिन, अल्मुनियम, सिसाका सामान, भाँडाकुँडाको प्रयोग घटाउने । सधैं प्रयोग गर्ने भाँडाकुँडा जस्तै : कप, ग्लास, प्लेट, थाल, कटौरा आदि सामान धातुका र धेरै खप्ने किन्न सक्छौं । किनमेल गर्नको लागि प्लास्टिकको झोलाको सट्टा सपिङ ब्याग वा बलियो थैला, झोला प्रयोग गर्न सक्छौं । हामीलाई कुनै सामान थोरै समयको लागि चाहिएको हो भने त्यो सामान सापटी लिएर काम चलाउन सक्छौं । कारमा जानुको सट्टा हामी सार्वजनिक बसमा जान सक्छौं । कसैसँग लिफ्ट मागेर जान सक्छौं वा हिँड्न पनि सक्छौं ।

रियुजको मतलब हो कुनै सामान फेरि प्रयोग वा पुनः प्रयोग गर्नु । प्लास्टिकका क्यान, जार, कागतका बाकस, कार्टुन र सिसाका भाँडाहरू पटक पटक प्रयोग गर्न सक्नुहुन्छ । तिनमा खेलौना, लुगा, बोतल आदि विभिन्न कुरा राख्न सकिन्छ । प्लास्टिक ब्यागमा खानेकुरा राख्नुको सट्टा लन्चबक्समा राख्न सक्नु हुन्छ । तपाईंसँग कुनै कुरा धेरै छ, कुनै किताब, खेलौना, लुगा, भाँडा बढी छ वा त्यसलाई प्रयोग गर्न मन लागेन भने अरूलाई दिन सक्नुहुन्छ ।

रिसाइकलको मतलब हो एउटा सामानबाट अर्को सामान बनाउनु । प्रयोग भइसकेका सामानलाई गलाएर वा अन्य तरिकाले नयाँ सामान बनाउनु । जस्तै : पुरानो टिन वा

अल्मुनियमको क्यानबाट नयाँ क्यान बनाउनु । पुराना कागत गलाएर नयाँ कागत बनाउनु । पुराना प्लास्टिकका सामान गलाएर नयाँ सामान, खेलौना आदि बनाउनु ।

कुन फोहोर सामान कुहुन्छ र कुन सामान रिसाइकल गर्ने हो भन्ने थाहा पाएपछि हामीले ती सामान विभिन्न भाँडामा राख्न सक्छौं । जस्तै : कुहिने सामान एउटा भाँडामा जम्मा गरेर कम्पोस्ट मल बनाउन सकिन्छ । नकुहिने सामानमध्ये रिसाइकल गर्नका लागि प्लास्टिकका बोतल र झोलाहरू एउटा भाँडामा, सिसाका बोतलहरू अर्को भाँडामा, टिनका भाँडा अर्कोमा, अल्मुनियमका भाँडा अर्कोमा र कागत अर्को भाँडामा जम्मा गर्न सकिन्छ । यसरी जम्मा गरेको सामान विक्री गर्दा फाइदा पनि हुन्छ ।

वातावरण जोगाउन हामीले अरू पनि विभिन्न काम गर्न सक्छौं । जस्तै : नुहाउँदा, हातमुख धुँदा पानी कम खर्च गर्ने । धारा खुला नछाड्ने । वर्षाको पानी जम्मा गर्ने ।

भान्छामा जम्मा हुने कुहिएर जाने फोहोरबाट कम्पोस्ट मल बनाउने ।

कागतको दुवैतिर लेख्ने र कागतको प्रयोग कम गर्ने ।

नचाहिने बेलामा बत्ती निभाउने । रेडियो, टेलिभिजन, कम्प्युटर नचलाएको बेलामा बिजुली बन्द गर्ने ।

यातायातका साधनमा सकेसम्म साइकल चढ्ने । बिजुलीले चल्ने मोटरसाइकल, कार चढ्ने । कारको सट्टा सार्वजनिक बस चढ्ने । लिफ्ट माग्ने । स्वास्थ्यको लागि पैदल हिँड्ने ।

सबैभन्दा मुख्य कुरा रुख रोप्ने र वन जोगाउने ।

वातावरण जोगाउनु किन आवश्यक छ र कसरी जोगाउने भन्नेबारेमा साथीहरूसँग छलफल गर्ने र टोलछिमेकमा चेतना जगाउने ।

# परिशिष्ट २ : पारिभाषिक शब्दावली

**भ्यागुताले बिस्कुट खान्छ :**

**वातावरण** (Environment) कुनै वस्तुलाई घेरेर राख्ने वा वरिपरिको वस्तु हो । यसअन्तर्गत हावा, पानी, जमिन तथा सबै प्रकारका भौतिक वस्तु पर्छन् ।

**अक्सिजन** (Oxygen) रङ र गन्ध नभएको ग्यास । जीवित वस्तुलाई बाँच्नका लागि अक्सिजन नभई हुँदैन । वायुमण्डलमा २० प्रतिशत अक्सिजन छ ।

**तातो घर :**

**टनेल वा प्लास्टिकको घर** गर्मी स्थान वा मौसममा हुने तरकारी जाडो स्थान र मौसममा फलाउनका लागि प्लास्टिकको सुरुङ (टनेल) जस्तो घर बनाएर यसमा तरकारी खेती गरिन्छ ।

**ग्यास** (Gas) वायुमण्डलमा पाइने विभिन्न प्रकारका हावा । जस्तै : कार्बन डाइअक्साइड, नाइट्रोजन, अक्सिजन आदि ।

**कार्बन डाइअक्साइड** (Carbon dioxide) वायुमण्डलमा पाइने एक प्रकारको ग्यास । पशुपंछी र मानिसले अक्सिजन लिएर कार्बन डाइअक्साइड फ्याँक्छ । वनस्पतिले कार्बन डाइअक्साइड लिएर अक्सिजन फ्याँक्छ ।

**नागदहका माछा :**

**नागदह** ललितपुरको धापाखेलस्थित प्राकृतिक ताल ।

**लाइफ ज्याकेट** (Lifejacket) मानिसलाई पानीमा डुब्न नदिनका लागि लगाइने ज्याकेट । यसलाई हावा भरेर फुलाउन पनि सकिन्छ । यसको बाहुला हुँदैन ।

**प्याडल** (Paddle) पानीमा धक्का दिएर डुङ्गालाई अघि बढाउने हात वा खुट्टाले चलाउने उपकरण ।

**नाग** एक प्रकारको विषालु सर्प । नेपालमा कतिपय मानिसले नागलाई देवता भनेर पूजा गर्छन् ।

**रासायनिक मल** (chemical fertiliser) खेतीपातीमा उत्पादन बढाउनका लागि अजैविक वस्तु, सिन्थेटिक वस्तुबाट बनाइने अप्राकृतिक मल । यसले कालान्तरमा रुखबिरुवालाई रोगी बनाउँछ ।

**विषादी** (Pesticide) कीरा, मुसा, झारपात, ढुसी तथा लामखुट्टेजस्ता रोगकारक र खेतीपातीलाई हानि पुऱ्याउने जीव मार्नका लागि प्रयोग गरिने रासायनिक यौगिक पदार्थ ।

**क्यान्सर** (Cancer) शरीरमा असामान्य कोश अनियन्त्रित रूपमा बढ्नाले हुने रोग ।

**जल/पानी प्रदूषण** (Water pollution) खोला, नदी, समुद्र, पोखरी, ताल, मूल आदि पानीका स्रोतहरूमा हानिकारक, विषाक्त पदार्थ मिसिनु । यस्तो पानीमा बस्ने वा पानी खाने जीवहरूको स्वास्थ्यमा हानि हुन्छ र मर्न सक्छ ।

**पशुपंछीहरू फर्केर आए :**

**इकोसिस्टम/पारिस्थितिकी** (Ecosystem) प्रकृतिमा रहेका हरेक वस्तु, वनस्पतिको जीवजन्तु र पशपंछीको जीवनमा विभिन्न भूमिका हुन्छ । जीवित वस्तुहरूको वरिपरिको वस्तु र अवस्थासँगको सम्बन्धलाई पारिस्थितिक प्रणाली वा इकोसिस्टम भनिन्छ । यो प्रणालीमा एउटा वस्तु वा जीवको भूमिका फेरिने बित्तिकै समग्र पारिस्थितिक प्रणालीमा प्रभाव पर्छ । पशुपंछीहरू हावा, भोजन, वासस्थान, सन्तान उत्पादन र मनोरञ्जनका लागि रुख बिरुवामाथि निर्भर हुने हुँदा वनस्पतिबिना बाँच्न सक्तैनन् ।

**होली खेल्दा :**

**अबिर** होली तथा खुसीको अवसरमा तथा पूजामा प्रयोग गरिने रङ्गीन धुलो । यो सिंगाडा, गहुँको पिठो वा आरारोटबाट बनाइन्छ । सस्तोको लागि रासायनिक पदार्थ मिसाएर बनाएको अबिरले छालामा एलर्जी तथा विभिन्न रोग हुन सक्छ ।

**एलर्जी** (Allergy) शरीरमा हुने रोग प्रतिरोधी प्रणालीले कुनै बाहिरी वस्तुलाई हानिकारक वस्तु ठानेर गर्ने प्रतिक्रिया ।

**केमिकल रङ** (chemical color) प्राकृतिक रङको सट्टा रासायनिक पदार्थहरूबाट बनाइएको रङ । यसले शरीरमा विभिन्न प्रकारका हानि गर्न सक्छ ।

**विद्यार्थीहरूले गर्ने व्यावहारिक काम**

१) कागतका बाकस (कार्टुन) मा रङ्गीन कागत टाँसेर डस्टबिन बनाउने ।

२) प्लास्टिकको सानो नमूना घर/टनेल बनएर त्यसभित्र गमला वा भाँडामा तरकारी उमार्ने ।

नेपाल सरकार
जल तथा मौसम विज्ञान विभाग
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

gef
अतिकम विकसित राष्ट्रहरुको
लागि कोष/विश्व वातावरण कोष

UNDP
*Empowered lives.*
*Resilient nations.*
संयुक्त राष्ट्रसंघीय विकास
कार्यक्रम (युएनडीपी)